Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

सुचना ! सुचना ! सुचना !

सड्क क्षेत्रको दायाँ बायाँमा रहेका रुखहरु काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानुन वमोजिम कारहवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पत्ति हो, यसको संरक्षण र सम्वर्द्धन गरौं, सडक सफा राखौं र सडक अतिक्रमण हुनवाट जोगाऔं ।

कटहरी गाउँपालिकाको कार्यालय मोरंग

❑ वर्ष ८ ❑ अंक २७ २०७६ माघ १९ गते आईतवार Sunday 2, FEB, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## अनलाईन ठगीबाट सावधान रहन प्रहरीको आग्रह

## उनानसत्तरी लाख नगद सहित आठ प्रहरीको फन्दामा

विराटनगर । अनलाईनवाट फेसबुक पेज बनाई महागो मुल्यको समान सस्तोमा उपलब्ध गराउने, चिट्ठा रकम प्राप्त भएको प्रलोभन दिई ठगी गर्ने समुह नेपाल भरी नै सक्रिय रहेकोले जिल्ला प्रहरी कार्यालय मोरंगका एसपी विश्व अधिकरीले पत्रकार सम्मेलन गरी अनलाईन ठगीबाट सावधान रहन आग्रह गर्दै अनलाई ठगीमा संलग्न रहेको ८ जनालाई सार्वजनिक गरेको छ ।

उक्त ठगीको आरोपमा पुस ३ गते जिल्ला खोटाङ जन्तेढुंगा गाउपालिका वडा नं. ४ को शिवजी खड्का, पुस ७ गत सोही ठाउँ की देवी चौलागाई, पुस १७ गते जिल्ला मोरङ सुन्दरहरैचा नगरपालिका वडा नं. ३ को बिशाल अर्याल भन्ने निरन्जन प्रसाद आचार्य, पुस २१ गते जिल्ला सुनसरी धरान नगरपालिका वडा नं. २० बिष्णुपादुका की भावना राई, वडा नं. ५ की सरिता परियार, वर्षा कार्की, सानु गौतम की लक्ष्मी कार्की समेतलाई माघ १४ गते मंगलवार सार्वजनिक गरेको थियो ।

अनलाईन ठगीको मुख्य नाइके भनिएको विशाल भन्ने निरंजन प्रसाद आचार्य लगायतका समुहले फेसबुकमा वेष्ट वय एपल स्टोर, वेष्टटेलिक्रोनिक स्टोर होप होम, कामर्ट इलोक्ट्रोनिक लगायतका फेसबुक पेजहरुमा बिभिन्न प्रकारका इलोक्ट्रोनिक्स आइटमहरु अनलाईन बिक्री गर्ने उदेश्यले सस्तो मुल्यमा महङ्गो सामानहरुको बिक्रीको लागी अफर गर्ने, जब सामानको निश्चित मुल्यमा डिल हुने कुराको विश्वास दिलाई विभिन्न व्यक्तिको नाममा फर्जी खाता खोली सोही खातामा रकम हाल्न लगाउने, बैकवाट रकम भिक्ने र त्यो व्यक्तिलाई पेजबाट ब्लक गरी दिने गरेका थिए ।

ग्राहकले पैसा पठाउने खतावालाको खाता खोल्ने, खातावालाको नाम र खाता नं दिने, जम्मा भएको र खाताबाट जम्मा भएको पैसा निकाल्ने कामको नेतृत्व विशाल अर्याल भन्ने निरंजन प्रसाद आचार्यले गर्दै आएको थियो ।

विशाल भन्ने निरंजन प्रसाद आचार्यले वर्षा कार्की, सानु गौतम, लक्ष्मी कार्की लगायतका महिलाहरुको फोटो प्रयोग गरी बिभीन्न मानिसहरुको नागरिकता प्रयोग गरी उनी हरुको नामको खाता खोली सो खाता अनलाईमा सामान मगाउने मानिसहरुलाई नाम र खाता नं दिई सम्बन्धित ग्राहाकलाई खातामा पैसा हाल्न लगाई सो रकम ठगी गरेको अनुसन्धानवाट खुलेको छ ।

सो अनलाईन ठगीका लागि नेपालका ७८ वटा बैकका खाता र भारतका १४ वटा बैकको खाताहरु प्रयोग गरिएको थियो ।

अनलाई ठगीको कुरा छत्र कुमारी धमलाले प्रयोग गर्ने सनराईज बैङ्को खाता बन्द भएपश्चात निजले किन र कसले मेरो बैङ्क खाता रोक्का गरेको भन्नेकुरा बैङ्कमा गई बुभ्दा श्री महानगरीय अपराध महाशाखाको पत्र अनुसार निज छत्र कुमारीले ठगी गरेको भन्ने व्यहोराको कारण खाता रोक्का राखिएको कुरा थाहा भएपछि सो ठगी मुद्दामा धमलाई मुद्दा चलाएकोमा काठमाण्डौ जिल्ला अदालतले ५० हजार धरौटीमा छुटेपछि काठमाण्डौ जिल्ला अदालतमा गई बुभ्दा निजको नाममा को कसले के कहाबाट निजको नागरीकताको फोटोकपी प्राप्त गरी एनआइसी एशिय बैङ्क शाखा कार्यालय बिराटनगर मोरङमा खाता खोली नागरीकताको फोटोक पीबाट सिमकार्ड निकाली अनलाईन (फेसबुक, वाटसप एप प्रयोग गरी बिभिन्न व्यक्तिहरुलाई सम्पर्क गरी बिभिन्न प्रकारको प्रलोभन पारी चिट्ठा पऱ्यो भनी उक्त बैङ्क खातामा रकम जम्मा गर्न लगाएको र महानगरीय प्रहरी परिसर टेकुले उक्त बैङ्क खाताको आधारमा सचिन श्रेष्ठ समेतको जाहेरीले छत्रकुमारी धमला समेतलाई प्रतिवादी बनाई मुद्दा दर्ता दर्ता गराएको थियो ।

छत्र कुमारी धमलाले आफ्नो नाममा नक्कली खाता खोल्ने मानिसको खोजी गर्ने क्रममा माघ ३ गते जिल्ला मोरङ विराटनगर

वांकी अन्तिम पेजमा...

## किस्ताबन्दी चिठ्ठाबाट

## उनन्चास लाख बरावरको ठगी

विराटनगर । एक गैर सरकारी संस्था मार्फत गरैकानूनी रुपमा किस्तावन्दी चिठ्ठा कार्यक्रम संचालन गरी सो किस्तावन्दी चिठ्ठावाट उन्चास लाख बराबरको रकम ठगी गरेको आरोपमा पाँच जाना पक्राउ परेका छन् ।

जिल्ला मोरङ जहदा गाउँपालिका वडा नं. २ को किसन देव साहले जिल्ला मोरङ कटहरी गाउँपालिका वडा नं. १ स्थित २०७५ भा्र १७ गते जिल्ला प्रशासन कार्यालय मोरङबाट अमन समाज नेपाल कटहरी-१ मोरङ नामको संस्था दर्ता गरी उक्त संस्थामा काम गर्न रंगेली नगरपालिका वडा नं. ६ नयाँटोलको कम्लेश कुमार मण्डल र जहदा गाउँपालिका वडा नं. ७ को राजेश कुमार साह समेतलाई सहयोगीको रुपमा राखी संस्थाको बिद्यान समेत नबनाई, कुनै आधिकारीक सरकारी निकायको इज्जात नलिई गैरकानूनी रुपमा आफ्नू खुसी कार, मोटरसाइकल, टिभी, रेफ्रीजेरेटर, साइकल, ग्यास चुलो समेतका विभिन्न इलेक्ट्रोनिक सामानहरु चिठ्ठामा पर्छ भनि सर्वसाधरण मानिसहरुबाट रसिद काटी रकम असुली रसिद समेत नदिएको र गैर कानूनी रुपमा चिठ्ठा खेलाई रकम असुल गरी सर्वसाधारण मानिसहरुबाट आर्थिक लाभ लिई चिठ्ठा विक्रीवितरण सो रकम ठगी गरेको आरोपमा तीनीहरुलाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरेको छ ।

किसन देव साह, राजेश कुमार साह र कम्लेश कुमार मण्डल समेतलाई संस्था रहेकै ठाउँबाट प्रहरीले नियत्रणमा लिएको थियो । जाहेरवालाहरू मध्येका श्रवण कुमार महतो र सुर्यानन्द महतो मसँग यस चिठ्ठा कार्यमा आवद्ध रही अमन समाज नेपाल संस्थामा शेयर होल्डर बन्ने शर्तमा साझेदारी भई जिम्मेवार व्यक्तिको रूपमा काम गरेका मानिसहरू हुन, निजहरूले चिठ्ठा काटेर राखेको रकम रू.९०/९० हजार मलाई नदिई काम गर्नलाई मोटरसाइकल चाहिन्छ भनी माग गर्दा मैले निजहरूलाई मोटरसाइकल दिन असमर्थ भएपछि निजहरूले ६ महिनासम्म काम गरेर छाडेको पनि केहिदिन मात्र भएको छ भन्ने किसनदेव साहले दिएका बयान आधारमा सम्मानित मोरङ जिल्ला अदालतबाट पक्राउ अनुमती प्राप्त गरी दुवैलाई प्रहरीले पक्राउ गरीएको थियो ।

पक्राउ परेका व्यक्तिहरुले बिभिन्न एजेन्ट हरु मार्फत र बिभिन्न

वांकी अन्तिम पेजमा...

## प्रेम जालको चक्कर : प्रेमीसँग मिली लोग्नेको हत्या

विराटनगर । एक विवाहित महिलाले परपुरुषसंगको प्रेमजालमा फसेपछि प्रेमी संग मिली आफ्नै श्रीमानको हत्या गरेको रहस्य खुलेको छ ।

घटनाको विवरण अनुसार माघ ६ गते जिल्ला मोरङ कटहरी गाउपालिका वडा नं. ७ को विकास सरदार जिल्ला मोरङ ग्रामथान गाउपालिका वडा नं. ३ स्थित ढङटोली स्थित सडक छेउमा रहेको खाल्डोमा जमेको पानीमा डुवेर मृत्यू भएको सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय बेलबारीबाट प्रहरी निरीक्षकको कमाण्डमा प्रहरी टोली खटि गई घट्नाको बारेमा बुभ्दा निज मृतक विकास सरदार पानी डुवी मृत्यू नभई श्रीमती दयावती सरदार र कटहरी गाउँपालिका वडा नं. ७ को बोस भन्ने बद्री सरदारको मिलेमतोमा माघ ५ गते रातीको समयमा विकाश सरदारको घरमा बद्री सरदार, ललन सरदार र मुकेश सरदार गई निजको घरमा रक्सी समेत बेच्ने गरेको हुदा रक्सी किनि खाई विकाश सरदारलाई गाउँमा तास खेल्न जाउ भनि ललाई फकाई घटनास्थल लगि फलामको डण्डाले टाउकोमा प्रहार गरी मारेर खाल्डोमा फालेको अनुसन्धानवाट खेलेको छ ।

दयावती सरदार र बोस भन्ने बद्री सरदारकोवीच शारीरिक सम्बन्ध रहेको र सोही सम्बन्धको बिषयलाई लिएर विकास सरदारको हत्या भएको अनुमान गरिको छ ।

स्थानिय मानिसहरु सँग कागज वुभ्ने समेतको कार्य गर्ने क्रममा मृतक विकाश सरदारको श्रीमती दयावति देवि सरदार घरमा एक्लै भएको अबस्थामा जिल्ला मोरङ कटहरी गाउपालिका वडा नं ७ को बोस भन्ने बद्री सरदार आउने र रात विताउने, शारिरीक सम्बन्ध राख्ने समेत गरेको भन्ने कुरा गाँउघरमा पहिला देखिनै हल्ला खल्ला भई सबैलाई थाहा समेत भएको र सो कुरा विकाश सरदार समेतलाई थाहा भए पछि आफ्नो श्रीमती दयावति देवि सरदार समेतलाई सम्झाई बुझाई गर्दा दयावति देवि सरदारले प्रेमी बद्री सरदार सँग सरसल्लाह विकाश सरदारलाई साईड लगाउनु पर्छ भनि कर्तव्य गरी मार्ने सम्मको योजना बनाएको प्रहरीले जनाएको छ

बद्री सरदारले विकाश सरदारलाई मारी निजको श्रीमतीलाई भेटघाट गर्न सजिलो हुन्छ भनि दुईजना सरसल्लाह गरी निज विकाश सरदारलाई कर्तब्य गर्ने कुरा विगत ७ दिन अगाडी योजना बनाई सोही ठाउंका को ललन सरदार र करिया भन्ने मुकेश सरदार समेतलाई किस्ता तिर्ने रकम दिई मलाई सहयोग गर्नु पर्छ भनि योजना बनाएको थियो ।

माघ ५ गते विकाश सरदारको घरमा बद्री सरदार, ललन सरदार र मुकेश सरदार गई निजको घरमा रक्सी समेत बेच्ने गरेको हुदा रक्सी किनि खाई निज विकाश सरदारलाई गााउमा तास खेल्न जाउ भनि ललाई पखाई घटनास्थल नजिक जिल्ला मोरङ ग्रामथान गा.पा. वडा नं ३ स्थितमा पुऱ्याई रातिको समयमा र

वांकी अन्तिम पेजमा...

## मण्डल थिएटरको नाटक विराटनगरमा

विराटनगर । प्रदेश सरकार, प्रदेश नं. १ को सहयोगमा र स्थानीय आरोहण गुरुकुल अनि लेट्स इन्टरटेनमेन्टसँगको सहकार्यमा यस मण्डला थिएटर नेपालले चर्चित नाटक महाभोजलाई विराटनगरमा हुने भएको छ ।

उक्त नाटक आगामी २०७६ माघ २२ र २३ गते प्रदेश नं. १ को राजधानी बिराटनगरको आरोहण गुरुकुल बिराटनगरको शुसिला कोइराला नाटकघरमा मञ्चन गर्ने भएको छ । भारतको नयाँ दिल्ली स्थित राष्ट्रिय नाट्य विद्यालय ( नेशनल स्कुल अफ ड्रामा) द्वारा हरेक वर्ष आयोजना गरिने एशियाकै प्रतिष्ठित अन्तराष्ट्रिय नाट्य महोत्सव 'भारत रंग महोत्सव २०२०' मा जानुपूर्व नाटक महाभोजलाई बिराटनगरमा मञ्चन गरिने भएकोछ ।

प्रसिद्ध भारतीय लेखिका मन्नु भण्डारीद्वारा लिखित नाटक महाभोज पछिल्लो समयको अत्यन्तै चर्चित र प्रशंसित नेपाली नाटक हो । अनुप बराल निर्देशति नाटक महाभोजमा रमेश बुढाथोकी, शेखर चापागाई, दयाहाङ राई, सृजना सुब्बा, बुद्धि तामाङ, बिजय बराल, विप्लव प्रतीक लगायतको अभिनय रहेको छ ।




पूर्वाञ्चलको पहिलो र एक मात्र ट्रमा सेन्टर

MAX INTERNATIONAL HOSPITAL & TRAUMA CENTER (P.) Ltd.

Maximum care for life

Mahendra Chowk, Biratnagar-11, Morang (Nepal), Ph: 021521155/56, 9852027895

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## अनलाईन...

महानगरपालिका वडा नं ७ स्थितमा रहेको सिभिल बैक शाखा कार्यलयको एटिमअगाडी शिवजी खड्का नाम गरेको मानिसले शंकित रुपमा बिभिन्न प्रकारका एटिम कार्ड प्रयो गरी रहेको छ भन्ने कुरा सूचना प्राप्त भए पश्चात तत्काल वारदात स्थलमा प्रहरी टोली खटीगई जिल्ला मोरङ जन्तेढुङ्गा गााउपालिका वडा नं ४ को शिवजी खड्का लाई पक्राउ गरी खाजतलास गर्दा खड्काको छत्र कुमारी धमलाले नक्कली बैङ्क खाता खोली बिभीन्न व्यात्तिलाई झुक्यानमा पारी ठगी गर्ने खड्कालाई पक्राउ गरी आवश्यक कारवाही गरीपाउँ जाहेरी परेपछि जिल्ला प्रहरी कार्यालय मोरंगले सो ठगीमा संलग्नहरुको खाजी गरी पक्राउ गरको थियो ।

शिवजी खड्कासाथवाट पन्द्रवाट बैकका ३० वाट चेकबुक माग फारम, चारवटा बैकका चारवटा एटीएम त्यसैगरी शवजी खड्का, देवी चम्लागाई र विशाल अर्याल भन्ने निरंजन प्रसाद आचार्यले विराटनगर महानगर पालिका वडा नं. ३ मा यज्ञ कुमारी खड्काको घरमा बसेको कोठावाट नगद रु ७ लाख १३ हजार, विभिन्न बैकहरुको चेकबुक माग फारम, एटिएम कार्डहरु, पेनड्राईभ, राहदानी, लगायतका बरामद भएको थियो ।

अनलाईन ठगीमा प्रयोग भएको कम्प्युटर, लेपटप, स्क्यानर, प्रिन्टर लगात भारतीय गाडी नेपालमा चलाउने अनुमति पत्रका नक्कली कागजहरु, भारतका रासन कार्डहरु समेत फेला गरेको छ ।

पक्राउ परेका आठ जनामा माथि ठगी, बैकिङ्ग कसुर, सरकारी छाप किर्ते, दोहोरो नागरिकता र संगठीत अपराधमा म्याद थपि थप अनुसन्धान भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

ती मुद्दाहरुमा कारवाहीको लागि जिल्ला सुनसरी ईटहरी उप महानगर पालिका वडा नं १ की छत्र कुमारी धमला, जिल्ला मोरङ विराटनगर १ को रोशन कुमार मण्डल, वडा नं ७ को मिर्मल सिहं रायमाझी, जिल्ला तनहु आबुखैरेनी गाउपालिका वडा नं. ३ को रुप बहादुर आले मगर, जिल्ला भक्तपुर, भक्तपुर नगर पालिका वडा नं ५ को राज गोङ्ग, जिल्ला स्यङ्जा विरुवा गाउपालिका वडा नं २ को होम बहादुर गुरुङ जाहेरी दर्ता गरी सकेका छन् । भने यस्ता ठगीमा पर्नेको संख्या धेरै रहेको र अनलाई ठगी गर्नेका संजाल नेपाल भरी फैलिएको प्रहरीको अनुमान छ ।

## प्रेमी...

अन्य कोहि मानिस समेत नभएको मौका पारी निज विकाश सरदारलाई समाई भाग्न उम्कन नदिई फलामको डण्डाले पहिलो पटक ललन सरदारले टाउकोमा प्रहार गरेको थियो ।

विकास सरदार लडेपछि बद्री सरदार र मुकेश सरदार समेतको प्रहार वाट समेत मृत्यृ नहुंदा विकाश सरदारको गम्छाले घाटी कसी मारी घटनास्थल नजिकै बाटो छेउमा रहेको जमेको पानिमा घिसार्दै फाली कर्तव्य गरेको अनुसन्धानबाट खुलेको छ ।

बद्री सरदारलाई पक्राउ गरी सोधपुछ गर्दा दयावति देवि सरदारको निर्देशनमा म लगायत ललन सरदार र मुकेश सरदार समेतले फलामको डण्डाले प्रहार गरी मारेको र उक्त डण्डा समेत जुडी खोलामा लुकाई राखेको छु भनेपछि फलामको डण्डा समेत प्रहरीले वरामद गरेको छ ।

## किस्तावन्दी...

मानिसहरुबाट रकम उठाई अन्तिम १६ औ किस्ता सम्ममा पटक पटक गरेरे सो रकम उठाई गैह्र कानुनी रुपमा अमन समाज नेपाल नामको संस्था दर्ता गरी सोही सस्थाको आडमा जिल्ला मोरङ बिराटनगर महागरपलिका वडा नं ४ स्थित श्याम साहले संचालन गरेको श्याम पार्टि प्यालेशलाई ७ हजार भाडा तिरेर महिनामा २ पटकको दरले चिठ्ठा खोल्ने गरेको थियो ।

उक्त चिठ्ठा कार्यक्रममा प्रतिव्याक्ति रु ३ सय ८० रुपैया उठाई एक पटकमा झण्डै १ हजार १ सय जना सदस्य सहभागी गराई चिठ्ठा खोल्ने गरेको थियो । सो चिठ्ठाको महँगो समानहरु आफैसंग रहेको रसिद नम्वरमा पार्ने गरेका थिए ।

तीनीहरु संग बरामद भएका समानहरुमा अमन समाज नेपाल लेखिएको बाहिर गाडीहरूको चित्र भएको किताब थान-१० अमन समाज नेपालको सेवाग्राही सदस्य फारम-२० सोही संस्थाको नाम लेखिएको नभरिएको सदस्य दर्ता फारम थान-१२, नोट कपि थान-४, एक्सेल डेभलमेन्ट बैंकको नगद जम्मा रसिद पाना-१४, राजेश कुमार साहको रारा वचतको पासबुक थान-१, सोही संस्थाको किसनदेव साहको वचत पासबुक थान-१, धरणीधर बहुमुखी संस्थाको वचत पास बुक थान-१, एक्सेल डेभलपमेन्ट बैंक लिमिटेडको नगद जम्मा भौचर पाना-७, सनराईज बैंक लि.को जम्मा भौचर थान-३, सानिमा बैंकको नगद जम्मा भौचर पाना-१, रेमिटेन्स भुक्तानी फारम पाना-१, सिटि एक्सप्रेस मनी ट्रान्सफरको फारम पाना-१ रहेका छन् ।

ती सवैलाई ठगी मुद्दा चलाई चिठ्ठा सम्बन्धी ऐन २५ को दफा २ बमोजिम अनुसन्धान भइ रहेको छ । यदि ठगी अपराध सावित भएमा विगो बमोजिमको जरीवाना र ६ महिना सम्मको कैद सजाय हुन जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।



विराटनगर । मोरङको जहँदा गाउपालिका वाड नं. ३ बिष्णु ऋीषीदेवको घरमा एक पाठींले मान्छे जस्तै बच्चा पाएको छ । पाठीले २ ओटा बच्चामा एउटा मान्छे जस्तै बच्चा पाएको छ । पाठा-पाठीं न छुटीने गरी जन्मीएको छ । दुवैको तत्कालै मृत्यु भएको थियो । संजय राजवंशी

# शिविरवाट एघार सय विरामीलाई लाभ



विराटनगर । नोबेल शिक्षण अस्पतालले मोरङको सुनबर्षी नगरपालिका वडा नं. २ अमर दहमा सञ्चालन गरेको नि:शुल्क स्वास्थ्य शिविरबाट एक हजार १ ढसय २२ जना बिरामी लाभान्वित भएका छन् ।

अमरदह स्थित वीरेन्द्र सार्वजनिक माध्यमिक बिद्यालयसँग सहकार्य गरेर एक दिने नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो .

माघ १२ गते संचाल गरिएको सो शिविरमा २ सय १ जनाको भिडियो एक्सरे, १ सय ६५ जनाको ल्याव टेष्टर १ सय १० जनाको ईसीजी गरिएको अस्पतालका प्रबन्धक नारायण दाहालले बताए ।

उनका अनुसार सुनबर्षी नगर पालिकाका बिभिन्न वडासहितरतुवामाई नगरपालिकार पथरीश निश्चरे नगरपालिका क्षेत्रका बिरामीहरु पनि उपचारका लागि शिविरमा आएका थिए ।

शिविरमा नोबेलबाट बिशेषज्ञ डाक्टरसहित १५ जना स्वास्थ्यकर्मीको टोली गएको थियो । नोबेलको जेनेरल मेडिसिन, स्त्री, हाडजोर्नी तथा नसा, बाल, मानसिक, दन्त लगायत बिभागका बिशेषज्ञ डाक्टरह?ले बिरामीको स्वास्थ्य परिक्षण गरेका थिए ।

नोबेलले पूर्वी नेपालका बिभिन्न स्थानमा नियमित नि:शुल्क स्वास्थ्य शिविर सञ्चालन गर्दै आएको छ ।



नेपाल रेयूकाइ शाखा कार्यालय विराटनगरले माघ १९ गते शनिवार बनभोजका लागि कोशी टप्पु लगेकोमा सो अवसरमा टप्पुका गाईड झा जीले सम्पुर्ण सदस्यलाई कोशी टप्पु घुमाउंदै टप्पुमा रहेको पशुपंक्षीको वारेमा जानकारी गराएका थिए । तस्वीर : श्याम सुन्दर सुतिहार







परिवर्तनको लागि क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

## मधेशमा साख गुमाउदै मधेशी राजनीतिक दल

नेपालको राजनीतिमा मधेशी समुदायको अधिकार कुण्डित भएको, राज्य सत्ताले अधिकार दिएनन्, राज्यका मुल धारवाट मधेशी समुदायलाई अलग राखेको, मधेशी जनता र मधेशी भूमिलाई उपेक्षा गरेको र पहाडबाट पहाडी समुदायलाई बसाई सराई गरी मधेशमा ल्याई मधेशी माथि दमन गरेका जस्ता अनेकन अनेक मुद्दा उठाएर मधेशमा आन्दोलन चलाउने मधेशी राजनीक दलका पछाडी सयौ मधेशी यूवाहरुले बलिदानी दिएका थिए । त्यो बलिदानी थियो । मधेशमा बसोवास गर्ने मधेशी समुदायको लागि तर ती शहिदहरुलाई राजनीतिक दलहरुले सत्ताको सिढी बनाएपछि अहिले मधेशी राजनीतिक दलहरुको शाख गुम्दै गई र हेको छ । मधेशी नाम जोडेर उत्पत्ति भएका दलहरुले एक दशक नवितदै पार्टीको नामवाट मधशी शव्द हटाएर नेपालकै पार्टी बनेर सत्ताको मोहमा आफ्नो अस्तित्व सखाप पादै उपेन्द्र यादवको समाजवादी पार्टी र राष्ट्रिय जनता दलका महन्थ ठाकुर लगायत ६ वटा महार थीहरुले मधेशीको अधिकारको लागि भन्दै एउटा सत्ता छोड्द छ भने अर्का सत्तामा जान्छ । यी खेलाले मधेशमा नयां राजनीति शक्तिको खोजिमा छन् मधेशी जनता ।

बहुमत प्राप्त सरकारमा समाजवादी पार्टीले २ बुद्धे सहमती गरे उपप्रधान तथा स्वाथ्यमन्त्रीको पदवाट हटाई कानुन मन्त्री समाजवादीलाई दिएका थिए । राजनीतिका खेला अहिलाका प्रधानमन्त्री केपी शर्मा आलीले कानून मन्त्रीवाट राजीनामा दिन वाध्य वनाए । अहिलो समाजवादी पार्टी न घरका नघाटका भएको छन् र राजपा अहिले सत्तामा जान आतुर भएका छन् । जब अधिकार भन्ने कुरा कहिले पनि सत्तामा पुगेर पाईदैन आन्दोलनवाट मात्र पाउंछ बुझ्दा बुझ्दै त्यही खेलमा लागेका कारण कुनै वेला मधेशी दलहरुले मधेशमा एमाले निशेधित क्षेत्र वनाउन भनेका थिए तर अहिले मधेशलाई नै एमालेलाई दिएर सत्ता खोजि रहेका छन् ।

मधेश भूमि र मधेशी जनताको हक अधिकारको लागि लड्ने कि त शहिद भए कि त सवै बैमान भएका छन् । मधेशी जनताका नाममा बैमानी गरेर अव खेती चल्दैन । मधेशका ठेक्का अव राजपा र समाजवादीको हातमा छैन । मधेशको अधिकारको लागि मधेशी नागरिक समाज, मधेशी बुद्धिजीवी, प्राध्यापक, शिक्षक, विद्यार्थी पत्रकार सवै एक जुट भएर मधेशी जनताको मुक्तीका लागि फेरी पनि आन्दोलनका आवश्यकता छ, नयां नेतृत्वके आवश्यकता छ, राजनीतिक पार्टीलाई लगाम लगाउने शक्ति शाली नागरिक समाजका आवश्यकता छ, एक-अर्कामा एकताको आवश्यकता छ। अनि मात्र मधेशी जनतको अधिकार सुनिश्चित हुने छ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : स्वास्थ्य, खास गरी आँखा तथा पेट सम्वन्धी समस्याले सताउला। शारीरिक आलस्यले जरो गाड्ने छ। परिवारिक चिन्ताले सताउने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : सहास र हिम्मतले धेरै काम बन्ने छ। आटेका काममा सफलता मिल्ने छ। सत्रुहरु परास्त हुने छन् । प्रशन्सा तथा मान सम्मानको योग रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आर्थिक मामिलाको काममा ठगिनुका साथै माल समान हराउने तथा हानी नोक्शानी हुन सक्ने योग रहेकाले सतर्कता अपनाउनु होला।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : शारिरीक तथा मानसिक ताप उत्पन्न होला । अत्यधिक परिश्रमले शारिरीक थकाई लागुनका साथै समान्य चोट पटकको सम्भावना छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : मन पर्ने समान किनमेल गर्नुका साथै उपयुक्त काममा लगानीको योग रहेको छ। भावी योजनालाई लिएर केही चिन्तीत वनाउने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : केही सर्घर्ष गर्नु परेपनि अनन्त आटेका काममा सफलता मिल्ने छ। धार्मिक तथा मंगलिक काममा खर्च हुने योग देखिन्छ।**

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** : समयले विस्तारै कोल्टे फेर्न लागेको छ। रोकिएको काम क्रमश वन्दै जानेछन्। वादविवादमा आनसिक सफलता मिल्ने छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : स्वास्थ्यमा विशेष विचार पुर्‍याउनु होला। काममा सफलता मिलेपनि पछि गएर विध्न वाधा आउने योग रहेको छ।**

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : केही शारीरीक मानसिक सन्ताप उत्पन्न गराउने योग छ। आकास्मिक अस्वस्थ्यता आउने योग समेत रहेको छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : अनावश्यक विषयतमा मानसिक चिन्ता एवंम द्धुविधा उत्पन्न हुने छ। कामको व्यस्तताले शारिरीक थकान उत्पन्न गराउंला।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) : तपाईको स्वास्वास्थ्यमा सुधार हुँदै जानेछ। अडिकिएका कामहरु क्रमश वन्दै जानेछ। प्रतिस्पर्धामा सफलताको योग छ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : पारिवारिक झमेला तथा सन्तानको चिन्ताले पिरोलिने छ। सानो तिनो शारीरीक अस्वस्थता समान्य चोट पटकको सम्भावना रहेको छ। सचेत रहनु होला।

# कांग्रेसका सिद्धान्तवादी नेता गिरी

**अरविन्द कुमार यादव**

नेपाली कांग्रेसका नेता प्रदीप गिरी २०५१ सालको मध्यावधि निर्वाचनमा जितेपछि एकाएक चर्चामा आउनुभयो । बौद्धिक व्यक्तित्व तथा प्रजातन्त्रका निम्ति लडेका र पुस्तौनी इतिहास भएका गिरि आफ्ना विजयलाई इगिंत गर्दै भन्नुभएको थियो - "मेरो मतभन्दा विपक्षीको मत धेरै छ । एमालेका उम्मेदवार धर्मनाथ प्रसाद साह र अन्य उम्मेदवारको मत जोडियो भने म पराजित हुन्छ । जसबाट के बुझिन्छ भने वास्तवमा हाम्रो जित भएको छैन, यो मेरो प्राविधिक जित हो । यसमा धेरै घमण्ड गर्ने कुरा आउँदैन ।" उहाँको यस भनाइबाट विपक्षीहरू पनि खुशी भएका थिए । उनीहरूमा रहेको पराजित मानसिकता समाप्त भएर गयो । यो नै एउटा प्रजातान्त्रिक नेताको एउटा वडो ठूलो गुण हो । सत्यको धरातलमा रहेर आफनो अभिमत प्रकट गर्ने गिरिको झन उचाइ बढेर गयो । खसेको कूल मतको जमानत पनि बचाउन नसक्ने सांसदहरूका निम्ति ठूलो झापड़ नै भयो । झिनो मतले निर्वाचित भएकाहरूमा घमण्डको तापमान घटेर गयो ।

२०५१ सालमा एमालेको अल्पमतको सरकार बनेपछि सर्वत्र एमालेकरण हुन थाल्यो । त्यसैवेला गिरिले सिरहाको चन्द्र मा. वि. मा आयोजित आमसभालाई संवोधन गर्दै भन्नुभएको थियो । "मनमोहन अधिकारी शिखण्डी हुन् । पुड्के माधव कुमार नेपाल भ्रष्टाचारी हुन् ।" उहाँका सो भनाई त्यतिबेला निकै नै चर्चित भएको थियो । आफना विपक्षीको हृदयमा पनि खुशी संचार गर्न सक्ने खुबी भएका नेता हुन् गिरि ।

२०५६ को आमचुनावमा गिरी पराजित हुनुभो । जसमा नेपाली कांग्रेसकै प्रत्यक्ष अन्तरघात नै पराजयको कारण भयो । भावी प्रधानमंत्रीका उम्मेदवार भएका कृष्णप्रसाद भट्टराई उहाँको निर्वाचन क्षेत्रमा गएर आगामी गठन हुने सरकारमा गृहमंत्री बनाउने घोषणा नै गरेका थिए । तर तात्कालिन पार्टी सभापति गिरिजाप्रसाद कोइराला भट्टराई खेमाका सम्पूर्ण उम्मेदवार हराउन ठुलै षड्यन्त्र नै गरेका थिए । जसका कारण धनुषाका काँग्रेस उम्मेदवार विमलेन्द्र निधि पनि पराजित भएका थिए । तर गिरिले आफनो पराजयले मंत्री बन्नबाट रोकेकोमा खुशी नै प्रकट गरेका थिए । म मंत्री बन्न चाहन्न । मेरो हारले मेरो इच्छा पूरा गरिदियो । गिरिको सो भनाइबाट सधै मंत्री बन्न लालायित हुनेहरू झसंग भए । उहाँ भने धन्यवादका पात्र भइदिनुभो ।

२०५७ सालमा नेपाली काँग्रेसको महाधिवेशन हुँदै थियो । त्यसैक्रममा गिरिले जनकपुरधामको तिरहुतिया गाछीमा आयोजित देउवा खेमाको आमसभालाई संवोधन गर्दै भन्नु भएको थियो-"जिल्ला सभापति भएपछि केन्द्रीय सदस्य बन्न मन लाग्छ, केन्दीय सदस्य भएपछि महामंत्री बन्न मनलाग्छ, महामंत्री भएपछि पार्टी सभापति बन्न मन लाग्छ र सभापति भएपछि सभापति र प्रधानमंत्री दुबै बन्न मनलाग्छ "। यो उहाँको गिरिजा प्रसाद कोइरालातिरको ठुलो व्याङ्ग्य नै थियो । वास्तवमा गिरिजाप्रसाद कोइराला सधै आफु नै पार्टी सभापति र प्रधानमंत्री बन्न खोजे । जसबाट देश, जनता र पार्टीलाई ठुलो नोक्सानी नै भयो । गिरिको यस भनाइबाट कोइराला पक्षधर मर्माहत नै भएका थिए ।

२०६३ को माघमा मधेश आन्दोलन भयो । मधेश विद्रोहका नायक उपेन्द्र यादव एकाएक राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा एउटा परिचित नाम हुन गयो । उपेन्द्र यादव भारतमा जादाँ प्रदीप गिरिले उहाँलाई भारतीय नेताहरूलाई भेटघाट गराउन र मधेशको आवाजलाई अन्तर्राष्ट्रिय रूपमा परिचित गराउन ठुलो भूमिका नै खेल्नु भएको थियो । एकातिर नेपाली काँग्रेसको सरकारले मधेश आन्दोलन दबाउन लागेका थिए भने अर्कोतिर त्यसै पार्टीका एउटा केन्द्रीय सदस्य मधेशी आन्दोलनका नेतृत्वकर्तालाई प्रत्यक्ष सहयोग गर्नु कम चुनौतीपूर्ण काम थिएन । तर गिरिले सो चुनौतिलाई साहसपूर्वक झेलेर देश र दुनियाँलाई देखाइदिए । जसबाट उहाँप्रति मधेशको जनतामा अति नै श्रद्धा बढेर गयो । मधेशमा जन्मेर मधेशकै निम्ति केही गर्न सक्नु उहाँको इच्छा केही हदसम्म जरूर पूरा भयो । तात्कालिन मधेशी जनअधिकार फोरम नेपालका कार्यकर्ताहरूले प्रदीप गिरि फोरम पार्टीमा आउने भविष्यवाणी समेत गरेका थिए । धेरै काँग्रेसी नेताहरू फोरममा आए पनि, तर गिरि पार्टी परिवर्तन नगरेर मधेशी जनताको पक्षमा उभिरहे । मधेशीको आवाज कसैले नदबाउन भनेर मधेशीलाई सधै सचेत गरिरहे ।

२०७२ असोज ३ गते नेपालको संविधान २०७२ जारी भयो । जतिबेला मधेश आन्दोलनको रापतापले जलिरहेका थिए । विश्वको सर्वोत्कृष्ट संविधानको दावा गर्नेहरू १५ दिनमै संविधान संशोधन गरे । जसले सर्वोत्कृष्ट संविधानको पोल नै खोलिदियो । पार्टी हीप मानेर मधेशबाट निर्वाचित भएकाहरू लुरूलुरू हस्ताक्षर गरे । आफना जनताको पनि बेवास्ता गरे । एउटा सामान्य जनप्रतिनिधिको कर्तव्य समेत निभाउन सकेनन् । तर त्यसै नेपाली काँग्रेसका पार्टीका सांसद प्रदीप गिरिले हस्ताक्षर नगरेर एउटा अदम्य साहसको प्रदर्शन गरे । एकतिर पार्टीको हीप र अर्कोतिर मधेश आन्दोलन भइरहँदा उहाँले जनताको पक्षमा निर्णय लिए । आफना सम्पूर्ण जीवन लगाएका पार्टीको हीप उल्लङ्घन गर्नुलाई कम आंकन सकिदैन । जसका कारण उहाँको सद्भाव सधै प्रशंनीय रहनेछ । मधेशमा उहाँको लोकप्रियता झन उचाइमा पुगेको छ । मधेशकै पक्षमा संविधान बनाउने चुनावताका प्रतिबद्धता जनाएकाहरू मधेशीकै लासमाथि संविधान जारी गरे । मधेशमा शहीदको लास जलिरहेका वेला र घाइतेहरू अस्पतालको शैयामा क्रन्दन गरिरहेका बेला उनीहरू राजधानीमा दीपावली गरे । दीपावलीको अनर्थ केवल प्रदीप गिरिले बुझे । जनतामारा संविधानमा हस्ताक्षर नगरेर मधेशी, जनजाति, आदिवासी र मुस्लिम वर्गको असल हितैपी भए । आफनो दूरदर्शिताको प्रदर्शन गरे । जनताभन्दा ठूलो पार्टी हुनै नसक्ने कुराको प्रमाणित गरेर देखाइदिए । अहिले नेपाली काँग्रेस संविधान संशोधनका अलाप अलापिरहेका छन् । आखिर पार्टी प्रदीप गिरिकै लाइनमा आउन बाध्य भए ।

२०७४ मंसिर २१ मा आमचुनाव सम्पन्न भयो । प्रदीप गिरि नेपाली काँग्रेसको तर्फबाट सिरहा जिल्लाबाट संघीय संसद सदस्यमा विजयी भए। उहाँलाई पार्टी ह्वीप उल्लङ्घन गरेकोले कारबाही भएन । सजिलै पार्टीको टिकट पनि पाए । मधेशबाटै निर्वाचित पनि भएन । तर मधेशी जनताको आवाजभन्दा पार्टी ह्वीप ठुलो मानेर मधेश विरोधी संविधानमा हस्ताक्षर गर्नेहरू टिकट पाएर पनि आफनो जमानतसम्म पनि बचाउन सकेन, कतिले त टिकट पनि पाएन, कति नेता त डरले चुनाव लडन पनि अस्वीकार गरे । मधेशी मानेर पार्टीले मधेशमा उम्मेदवार भएकाहरू मधेशमै नराम्ररी नै पराजयको दुःखद पीडा भोगे । जनताविरूद्ध हस्ताक्षर गर्नेहरू नाङ्गोधार सावित भए । यसरी गिरिबाट उनकै नेता कार्यकर्ताहरू पनि धेरै कुरा सिक्न सक्छन् । उनको चतुयाइ र अडान नबुझनेहरू अहिले पश्चाताप गरिरहेका छन् होला । तर उहाँको लोकप्रियता झन झन बढ्दै गइरहेका छन् मधेशमा ।

नेपालको प्रजातान्त्रिक आन्दोलन मा नेपाली काँग्रोस पार्टीले धेरै दुःख गरेका छन् । जसका कारण नेपाली जनता काँग्रेसलाई नै पटक पटक सरकार बनाउने जनादेश दिए । तर काँग्रेस नेतृत्व सधै जनताको भावनामाथि कुठाराघात गरे । पटक पटक अर्थमंत्रीको जिम्मेवारी पाएका डा. रामशरण महत कहिल्यै पनि जनप्रिय बजेट ल्याउन सकेनन् । खास गरेर त तल्लो स्तरका कर्मचारीहरू ज्यादै नै पिडित भए । कारण सबै कर्मचारीको तलव बढाउदा प्रतिशतमा एकरूपता कायम गर्दा तल्लो स्तरका कर्मचारीको तलब कम बढ्ने र महँगी बराबर नै भएकाले उनीहरू पीडित भएका हुन । जसको विरोध संसद प्रदीप गिरिले खुलेआम भनेका थिए कि-"कांग्रेसले जनतालाई केही दिन सकेन भने जनताले किन कांग्रेसलाई मत दिन्छ ।" उहाँ जस्तो निर्भिकता भएको नेता भेटन कठिन छ काँग्रेसमा ।

नेपाली काँग्रेस पार्टी सता र भताले नै जर्जर बनेका पार्टी हुन । काँग्रेसका निम्ति सता बाँदरको हातमा नरिवल जस्तै सावित भयो । नेपाली काँग्रेस अब मुदाविहिन पार्टी जस्तै भएका छन् । प्रदीप गिरिजस्तै केही इमान्दार नेताका कारण नै काँग्रेस पार्टीको केही अस्तित्व बाँकी रहेका छन् । वी.पी.को प्रजातान्त्रिक समाजवादको पूर्नमुल्याङ्कन हुने अवस्था आइसकेको छ । संवैधानिक राजतन्त्र र वहुदलीय प्रजातन्त्रको खोल ओढेर काँग्रेस अगाडि बढन सकदैन । प्रदीप गिरि जस्ता सिद्धान्तनिष्ठ नेताको नेतृत्वमा काँग्रेस पुर्नसंगठित हुनु आवश्यक छ । जनताको भावना बुझने नेता सबैको प्यारो हुन्छ ।

नेपाली काँग्रेसको वर्तमान नेतृत्वबाट केही आशा गर्नु बेकार

वांकी ५पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

**अस्पताल**

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# मगही भाषाके परिचय



**श्याम सुन्दर सुतिहार**

मगधी भाषा एगो प्राचीन आर्य भाषा हैय । मगधी अपभ्रन्स हुवैत मगहीके जन्म ६०० ईसा पूर्वमे विकास भेल हैय । ओकर साहित्यीक प्रयोग सातौं शताव्दीमें सिद्ध साहित्यक रुपमें देखल जायहैं । उ भाषाके विकास प्रक्रिया ६०० सऔं इसा से १२०० सऔ ईसा पुर्व से चलते आ रहल हय ।

आदिकाल और सिद्धकालक रुपमे १२ औं सदि तक और ऐखनका मध्यकालक अवस्थामें लोक जीवन व्यापक व्यवहारिक रहलक । ओही समयमे तत्कालिक मध्यदेशक शाशक और पंण्डितसे उपेक्षाक सिकार भेल । ओही समयमे मगही भाषा शिष्ट औंर लिखित साहित्य निर्माणसे बन्चित कर लक । जेकर कारण लोक साहित्य अभिव्यक्तिक मध्यम से अक्षुण राखैत एलक ।

मगही भाषा साहित्यक मध्यकाल १३ औं से १८ औं शताव्दीक तक बड उथल पुथल भेल । मगही भाषामे प्रचलित विजय, छतरी, धुधुलीया, शोभानायक, बनजारा, सोरठी विरिजभान, राजागोप चन्द, राजा भरथरी, राजा ढोलन, नेटवा दयाक सिंह, सपाविरछि, साटांग, लागत मगधी परिवेश और मगही भाषाक समिपक मध्यकालिन चित्रन ऐखै नियोतक मगही समाजमे लोक अभिव्यक्तिक माध्यमसे आबैत रहल हैय ।

मगही भाषी समुदायक लोग गर्भसे चिहानतक के परिवेशमे विभिन्न रीतिरिबाज, संस्कृतिक एवम् संस्कारक अवसर में विभन्न लोक गीत, नाटक, कविता, चुटकीलाके माध्यमसे अभिव्यक्त भे रहल मगही संस्कृतीमे आधारीत लोकगीत साहित्य मगही भाषाके लोग समुदाय आदिम कालसे बनवैत विगडैत विकासीत भे रहल हैय ।

मगही भाषा नेपालके झापा, मोरंग, सुनसरी, सप्तरी, उदयपुर, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट लगाय मधेशक २५ जिल्लामे रहेवाला बढई, कुशवहा, कुर्मी कुम्हार, कहार, कमार, केवट, कानू कलवार तेली, नूनिया, बजिया भेडिहर, माली, मल्लाह, मुसलमान, बरई यादव, राजभर, राजधोव, रौनियार, लोहार, लोध सुडी सैनि,सोनार, हलुवाई हजाम, अमात, केवरत, बर्णबाल, जोगिया, विन, वेलदार, कालावाज, बोट, बडै, लहेरा लगायत ३६ वटा जातीको कारीब ५० लाख जनसंख्याको जनबोली है मगही भाषा । मधेश तराई मधेशमे रहैय वाला आदीवादी जनजाती, दलित, उच्चवर्गके लोक सब सेहो मगही भाषा बोलै है । मगही भाषाके कुछ लोक सव ठेठी भाषाके रुपमे सेहो उचारण करै है ।

नेपालक संविधान मे मगही भाषा और मगही बोलैवाला जात सवक संविधान सुनिश्चत नै भेल है । ओकरे खातीर २०५५ सालमे नेपाल पिछडा वर्ग (ओविसी) महासंघ स्थापना करक यी जाती और भाषा पहिचान, उत्थान और विकासके लेल पिछडा वर्ग (ओविसी) महासंघ एखिनियोतक लागल हैं ।

पिछडा वर्गके जायत सवके भी वर्गिकरण करल जाय सक हय । जहिना कि बनिया, रौनियार, कलवार, सुडी, तली, हलुवाई वर्नावाल ( आर्थिक आर शैक्षिक रुपसे कनि आगा बढल हय )

यादव, भेडीहर ( राजनीतिक रुपमे कनि अगा वढल हय) वहीना कुसवाहा, कुर्मी, कुम्हार, काहार, कमार, बढई, केवट, माली, मलहा, राजधोव, राजभर, केवट, लोध, सैनी, अमात, वोट, हजाम, नुनिया, मसलमान यी सव आर्थिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक सामाजिक, लगायत सभे किसिमसे पछा पडल हैय ।

पिछडा वर्गके चिन्हैवाला सेहो उपाय है । जसनकी सम्थर जमीन मे रहैवाला, कडा किसिमके वोलैवाल, भाषामे मगही, अवधी, भोजपुरी, मैथली बोलैवाला, पेशो के रुपमे कृषि पेशामे रहवाला, पिछडा वर्गमे पडैवाला जायत सवके चेहरा गोल आर आंख, नाक भी गोलाकार आर शरीर हष्टपुष्ट आर बजबुत सेहो रह हैय । यी जायतके पोशाकमे महिला सवके साडी, ब्लोज, साया, कुर्ता है । पुरुष सवके कुर्ता, पैजामा,धोती, गम्छा, सट पेन्ट हैय यी जायतके लोग वेसी वोलैवला आर लडाकु सेहो वरह हैय ।

खानामे दाल, भात, तरकारी, मास लयागत चामलके परिकार सव पुवा, बगिया, भक्का, पुडी, भुजाके लाड़ू, तीलके लाडु लगायत हैय ।

सवसे वडका विशेषता पिछडा वर्गक जायत सवेके विवाह सवके अपन-अपन जायतके लडका आर लडकी से करावल जाय है । दोसर जायतको साथ विवाह करैलासे समाजिक दण्ड सेहो करल जाय है । लेकिन एकाईस औ शताब्दी मे पिछडा वर्गमे भी शिक्षाके प्रभाव पडैके कारण अन्तरजातिय विवाह सेहो शुरु भ गेल हैय । पिछडावर्गके लोक सवके शैक्षिक आर्थिक, सामाजिक , राजनितिक रप से उत्थान आर विकास करैके आवश्यकता है ।


# विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर ब्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कुहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर ब्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला ब्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर ब्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला ब्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाखा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
   १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
   २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
   ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव ब्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०


**मगही भाषा**

## मगही भाषा के कविता

### ओठपर लिपिस्टिक अमोट लगैय

केकरो ठोर पतर त
ककरो ठोर मोट लगैया ।
ओठ पर लिविस्टीक
अमोट लगैय-२
१० गो सँग बात लगाक
मनसे आहक खोट लगैय ।
जौ गरसे देखैछित ओठपर,
लिविस्टीक अमोट लगैय-२
पाकल अरनेण्मामे कौवा
जेना छेद करैय ।
आमिल सन अरनेमा जेना,
साचो लिविस्टिक लगैय-२
आजकालके लोग सब एकविता
कपडामे मिनिस्कट लगैय ।
फैन्सी दोकानकम भाउ बढा,
ओठपर लिविस्टीक लगैय-२
आहक चौबनिया मुस्कानसे
दिमे हमरा चोट लगै ।
ठोरके विचमे लागल लाली,
साचो लिविस्टीक अमोट लगैय-२

**फुलगेन महतो**


# नगरवासीमा अनुरोध

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातत‍ै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ
- उपभोक्ता आचारसंहिताको पालना गरौं ।

**कटहरी गाउँ पालिकाको कार्यालय मोरंग**



**खुल्यो ! खुल्यो !! खुल्यो !!!**

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनर–९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# सुशील कोईराला फाउण्डेसनको भवन शिलानयास

विराटनगर । विराटनगर महानगरपालिका वडा नम्बर ८ बलुवाईमा सुशील कोइराला फाउन्डेसनको भवन शिलान्यास भएको छ । साविक वडा नम्बर ११ मा विराटनगर महानगर पालिकाले फाउन्डेसनलाई जग्गा उपलब्ध गराएपछि कांग्रेस केन्द्रीय सदस्य महेश आचार्यले विहीबार एक कार्यक्रमबीच फाउन्डेसनको भवन शिलान्यास गरेका हुन । आचार्यले विराटनगरमै जन्मिएका पूर्व प्रधानमन्त्री तथा कांग्रेस नेता सुशील कोइरालाको सादगीपूर्ण जीवनशैली सबैका लागि प्रेरणाको स्रोत भएको बताएका थिए ।




उहाँको सम्झनामा फाउन्डेसनको भवन शिलान्यास गर्न पाउनु र काम थालनी हुनुले कोइराला प्रति सच्चा सम्मान भएको छ । आचार्यले कोइरालाको सादा र सौम्य जीवनशैली अहिलेका नेतृत्वलाई पनि प्रेरणाको स्रोत भएको चर्चा गरेका थिइए । कांग्रेस केन्द्रीय सदस्य अमृत अर्यालले संविधान जारी गराउन सुशील कोइरालाको ठूलो योगदान भएको बताएका थिए ।

विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले सामाजिक काम गर्न अग्रसर भएको फाउन्डेसनलाई महानगरले भवन निर्माणका लागि जग्गा उपलब्ध गराएको बताउँदै भने,''समाज रुपमान्तरणमा फाउन्डेसनले योगदान दिनेछ भन्ने हाम्रो विश्वास छ ।''

फाउन्डेसनकी अध्यक्ष मृदुला कोइरालाले सुशील कोइरालाको जीवन शैली र उनको काम गर्ने तरिकाबारे कार्यक्रममा सहभागी भएका अतिथि तथा सहभागीलाई जानकारी गराएकी थिइन । उनले फाउन्डेसनले समाजमा पिछडिएका र मूलधारमा ल्याउनु पर्नेहरुको हितमा काम गर्ने बताइन । भनिन्,''सुशील कोइराला बित्नु भएको पाँच वर्षपछि हामीले उहाँको सम्झनामा सानो कामको शुभारम्भ गरेका हौं अब यसलाई मूर्त रुप दिंदै थप अघि बढ्ने छौं ।'' त्यस अवसरमा कोइरालाले सुशील बिरामी भएपछिका अवस्थाको दिनचर्याबारे जानकारी गराइन । फाउन्डेसनको कार्यसफलताका लागि प्रधानमन्त्री केपी ओली, नेकपा अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस महामन्त्री शशांक कोइराला, प्रदेश १ का मुख्यमन्त्री शेरधन राईलगायतले शुभकामना सन्देश पठाएरको अध्यक्ष कोइरालाले जानकारी दिइन ।

फाउन्डेसन भवन निर्माण गर्न प्रदेश १ सरकारकाले रु. ७५ लाख बजेट छुट्याई दिएको छ । विराटनगर महानगरपालिकाले तीन कठ्ठा जग्गा उपलब्ध गराएको छ । अध्यक्ष कोइरालाले भनिन्,''हामी ज्येष्ठ नागरिक स्याहार केन्द्रसमेत संचालन गर्ने तयारीमा छौं ।'' फाउन्डेसनले युवा लक्षित व्यवसायिक तालिमदेखि आयआर्जनका कार्यक्रम लाई समेत प्राथमिकता दिने बताइएको छ ।

सुशीक कोइराला विराटनगरमा जन्मिएको र उनको योगदानलाई स्मरण गराउनकै लागि यो संस्था विराटनगरमा दर्ता भई संचालनमा आएको फाउन्डेसनका सचिव दिपक चापागाईंले जानकारी दिएका छन् । सुशील कोइरालाको पाँच वर्षअघि निधन भएको थियो ।

# ओपिडी निःशुल्क हुँदा विरामीलाई राहत

बिराटनगर । सामान्यतया, उपचारका लागि अस्पताल जाँदा प'र्जी अनिवार्य काट्न'पर्छ । पुर्जीवापत बिरामीसँग अस्पतालहरुले १ हजार ? पैयाँसम्म लिने गर्छन् । बिरटनगर क्षेत्रका अधिकांस अस्पतालहरुले ५ सय रुपैंया हारहारी लिने गरेका छन् । सरकारी अस्पतालमा पनि शुल्क तिर्नुपर्छ । तर, बिराटनगर स्थित नोबेल शिक्षण अस्पतालले ओपीडी निःशुल्क गर्दा बिरमीहरुलाई राहत मिलेको छ ।

निजी क्षेत्रबाट सञ्चालित पूर्वी नेपालको सवैभन्दा ठूलो अस्पताल नोबेलमा ओपीडी 'फ्री' हुँदा बिरामीहरुले विनाशुल्क बिशेषज्ञ डाक्टरसँग स्वास्थ्य परिक्षण गराउँने अवसर पाएका छन् । पुर्जी निःशुल्क हँदा धेरै राहत मिलेको बिरामीहरुको भनाई छ । सुनसरीको रामधुनीबाट उपचारका लागि नोबेल आइपुगेका हरिमान श्रेष्ठले पुर्जीको पैसा नलाग्दा सहज भएको बताए । 'अन्त सवै तिरका अस्पतालमा पुर्जीको पैसा लाग्छ, बिराटनगरका अरु अस्पतालले पनि ५ सय रुपैयाँसम्म लिन्छन् । काठमाण्डौंमा त एक हजार रुपैयासम्म पर्छ।' उनले भने 'नोबेलमा पूर्जीको पैसा तिर्नु' नपर्दा त्यहि पैसाले झण्डै औषधि किन्न पुग्छ ।'

यता, बिराटनगरकी सुसिला निरौलाले पनि पुर्जी निःशुल्क हुँदा सस्तोमा उपचार पाएको सुनाईन् । 'खर्च अभाव भईरहेका बेलामा पुर्जीको पैसा जोगिदा मात्र पनि धेरै राहत हुन्छ ।' उनले भनिन् । उनीहरु जस्ता अधिकांस बिरामीले पूर्जीको पैसा नपर्दा राहत मिलेको प्रतिक्रिया दिने गरेका छन् । नोबेलले एक दशक अघि देखि पूर्जी निःशुल्क गर्दै आएको छ । जसका कारण गरिब तथा बिपन्न बिरामीलाई प्रत्यक्ष फाइदा पुगेको छ ।

पैसा नभएका कारण ठूला अस्पतालमा जाँन नसक्ने गरिब तथा बिपन्न बिरामीलाई लक्षित गरी ओपीडी निःशुल्क गरिएको नोबेल अस्पतालका सञ्चालक डा.सुनिल शर्माको भनाई छ । 'गरिब तथा बिपन्न बिरामीलाई बिशेषज्ञ डाक्टर सँग पुगेर राम्रो उपचार पाउँने वातावरण निर्माणका लागि पुर्जी निःशुल्क गरेका हौं । डा. शर्माको भनाई छ ।

दक्ष डाक्टर र अत्याध'निक स्वास्थ्य उपकरणका कारण स्तरीय उपचारका क्षेत्रमा नोबेलले फड्को मार्दै गएको छ । स्तरीय उपचार सेवा प्रदान गर्दै आएको नोबेलले ओपीडी निःशुल्क गर्दा सवै स्तरका बिरामीह?लाई उपचारमा सहजता मिलेको हो ।

**सुचना सुचना सुचना**

११ श्रम गर्न विदेशतर्फ जाँदा
तत्काल फाइदा भएपनि
दीर्घकालीन रूपमासामाजिक र
आर्थिक विचलनआइपर्ने हुँदा
मुलुकभित्रै परिश्रम गर्नु
(पसिना बगाउनु)
मा नै सबैको भलो छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# महिनावारी र छोरीको विद्रोह

टीएन कुँवर

करीब १२ वर्षको उमेरमा मेरो छोरी महिनावारी भइन् । छोरीलाई उनकी आमाले कम्तिमा ५ दिन बाबा संगसंगै डाइनिंग टेबलमा बसेर खान नमिल्ने नियम घोषणा गरिन् । ७ कक्षामा पढ्ने छोरीले सो कुरा नमान्ने भन्दै त्यसको कारण माग गरिन् । आमाले सनातनी प्रचलन भएको र भगवानको लागि आदि भनेर सम्झाइन् । तर छोरीले तत्कालै विद्रोहको स्वरमा सो मान्दिन भन्दै प्रतिवादै गरिन । अलग्गै स्टुलमा राखेको खाना लिएर मसंगै टेबलमा आइन् ।

छोरीले तर्क नगर्दासम्म त म पनि ठिकै छ नि भन्नेमा थिएँ । तर मलाई गर्व महसुस त्यतिबेला भयो, जतिबेला छोरीको तर्क शक्ति र कारण माग सुनें । ७ कक्षाको छोरीको त्यो चेत । तर हामी एम.ए पासको ? मैले तत्काल छोरीलाई हग गरें । संगै टेबलमा राखें । बाबा छोरीले संगै खाना खायौं ।

त्यतिबेला श्रीमतीको नाक खुम्चियो । भमैले नें कि, यो बाल मानसपटलमा अहिले यसरी छुवाछुत सिकाउने हो भने छोरीको बालसुलभ दिमागको सकारात्मक विकासमा प्रतिकूल असर पर्दछ। ठिक छ पिरियडको बेलामा स्वस्थ सफा रहने, आराम गर्ने वातावरण बनाऔं । तर छुवाछुत नगरौं । यदि हाम्ले नै यसो गर्ने हो भने त एक प्रकारको छाउपडी नै भयो नि भन्ने निस्कर्षमा हामी सहमत भयौं । त्यो दिनबाट हाम्रो घरमा यस्तो प्रचलन नै हट्यो । तर अझै पनि ठिक बेठिक के गरियो भनेर यदाकदा छलफल हुन्छ। किनभने वृद्धा आमा पनि हामीसंग हुनुहुन्छ । वहाँको मन पनि दुखाउन नहुने परिस्थिति छ ।

यस उदाहरणले धेरै परिवारको अवस्था प्रतिनिधित्व गर्छ होला । हामी जत्तिको एम.ए पासले पनि कम्तिमा यति अन्धविश्वासी हुनु भनेको यो समाजलाई अझै पछाडि धकेल्नु हो । महिला तथा बालबालिकाको मानव अधिकारलाई हामी कथित बुझक्कडहरुले नै किन संवेदनशील भएर सोच्न सकेनौं ? भावी पुस्तालाई हामी के सिकाइरहेका छौं ? भनेपछि यसबाट हामी कथित शिक्षितको मनमा अझै केही कस बाँकी हुनुपर्दछ ।

गाउँघरमा छाउगोठमा छुट्टै राख्नु र शहरीयाले घरमै छुवाछुत बार्नुमा म कुनै अन्तर देख्दिन । अन्तर त सोचको मात्र हो । महिलामा मासिक श्राव हुनु जैविक नियम मात्र हो । सोबाहेक अरु छुत अछुत वा देउता रिसाउने आदि केही होइन । तर नेपाली समाजमा यस अन्धविश्वासी सोचले यति जरो गाडेको छ कि, हामी कथित शिक्षित भनाउँदा एमए पासले पनि अशिक्षित पुर्खाले धान्दै आएको बिंडो थामिरहेकै छौं । अर्थात् पश्चिम नेपालका दुर्गम गाउँमा छाउगोठ बनाएर र काठमाडौंका परिवारमा घरमै छोइछिटो बारेर ।

पुर्खाहरुले किन छोईछिटो बारे होलान् ? उनीहरुको जीवन पूर्णतः श्रममा आश्रित थियो । यस्तो बेलामा कडा परिश्रम गर्दा स्वास्थ्य बिग्रिन्छ । त्यसैले आरामको जरुरत पर्दछ । आराम गर्न एकान्त चाहिन्छ । त्यसैले छुट्टै बस्न बेस हुन्छ भन्ने सोच वैज्ञानिक नै थियो । तर प्रचलनलाई भ्रमित पार्दै दाजुभाइले देख्न नहुने, कसैसंग छुन नहुने नियम बसाइएको हुनुपर्दछ ।

एउटा जिज्ञासा उठ्छ यहाँनेर । संसारका आ आफ्नै हरेक धर्म र संस्कृति छन् । मासिक धर्म महिला जातिमा हुने यो अनिवार्य प्राकृतिक नियम हो । तर के अमेरिका वा अफ्रिकाको कुनै महिलाले यस्तो छुवाछुतको चलन गरेका होलान् त ? के देउता रिसाउने भए उनका आस्थाका भगवान छैनन् र ? त्यसकारण यो चलन हाम्रो समाजको कुरीति र कुसंस्कार हो ।

अब भनौं के पश्चिम नेपालमा सम्पूर्ण छाउगोठ भत्काउँदैमा कर्णाली क्षेत्र छाउपडी प्रथा मुक्त भयो भन्न मिल्ला र ? हालै लिएको अभियान पछि छाउगोठ त भत्किए तर देखिंदै छ स्याउलाले बारेका गोठ बनिरहेका छन् । अब त झन् चुनौति थपियो । कम्तिमा पहिलेका गोठ अलि सुरक्षित त थिए । समाजको सोच र प्रभाव अनुसन्धान नगरी कदम चाल्दा राम्रो उद्देश्य भए पनि सफल हुन सकिन्न भनेको यही हो ।

काठमाडौंमा हामी एमए पासको हालत यो छ । साँच्चै भन्ने हो भने काठमाडौंका आधुनिक, शिक्षित, उच्च पदस्थ, सभ्य र पढालेखा एवम् अगुवा नेतृत्वमा रहेका कति परिवारमा सुधारिएको छाउपडी प्रथा कुन अवस्थामा छ ? पहाड वा तराइमा के अवस्था छ भनेर स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले अनुसन्धान गर्न र त्यसैका आधारमा योजना बनाउन जरुरी छ ।

छाउगोठको भौतिक संरचना भत्काएर मात्र शदिऔं देखिको अन्धविश्वासको पर्खाल ढल्दैन । यसका लागि त शिक्षा र चेतनाको ज्योति फैलाउनु आवश्यक छ । त्यो ज्योति योजनाबद्ध रुपमा अगाडि बढाऔं । राज्यले अलिकति लगानी गरोस् । स्थानीय सरकारहरुले प्राथमिकतामा राखेर घर घरमा चेतना पुर्याउन् । बरु मौकामा यसै विषयसंग जोडेर जाँड रक्सी बन्द गरौं । घरेलु हिंसाको स्थिति नियन्त्रण गरौं । बालविवाह रोकौं । चेलीबेटी बेचबिखन हुनबाट बचाऔं । लागू औषधमा युवाहरुलाई फस्न नदिऔं । जातजाति बिच गरिने भेदभावको विरूद्धमा अभियान चलाऔं । देशैभर प्याकेजमा कार्यक्रम लैजाऔं । सभ्य नागरिक समाज निर्माण गर्ने अर्को एउटा नवीन अभियान थालनी गरौं । महिला खबर




**नगरवासीमा अनुरोध**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खाने कुराहरू नखाऔं ।
- उपभोक्ता हीत संरक्षणमा चनाखो बनौं ।
- छाला भएको मासु नखाऔं र बिक्री वितरणमा समेत निरूत्साहित गरौं ।
- अखाद्य रंग प्रयोग गरेका खाद्य पदार्थहरूको उपभोग बहिस्कार गरौं ।
- छाडा चौपायाको नियन्त्र गरौ, घरपालुवा चौपायाहरू छाडा नछाडौं ।
- सडक तथा पेटिकिनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीकरूपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौ ।
- सवारी साधनहरू तोकिएको स्थानमा मात्र पार्किङ गरौ ।
- बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- बालश्रम शोषणविरूद्ध आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं ।
- सार्वजनिक स्थलमा जतातत्तै फोहरमैला नफालौं ।
- आफ्नो घर वरपर बिरूवा रोपौं, हरित गाउं नगरीको रूपमा विकास गरौ

**सुनवर्सी नगर पालिकाको कार्यालय मोरंग**


Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# नाटक महाभोजको बारेमा छोटो जानकारी

लगभग चालीस वर्ष अगाडि लेखिएको महाभोजलाई तीन 'पी'मायत्नपूर्वक बुनिएको छ-प्रेस, पोलिटिक्स र पुलिस। राजनीति, प्रहरी र आमसञ्चार कसरी एकअर्कासँग जोडिएका छन् र त्यसको चक्रब्यूहभित्रजनता कसरी कैद छन् भन्ने कुरा हिन्दूस्तानी साहित्यकार मन्नु भण्डारीले बडो कुशलतापूर्वक यस कथानकमा प्रस्तुत गरेकी छिन्।

कुनै अमुक गाउँमा घटेको हिंसात्मक घटनाको फिलिङ्गो सल्किदै शहर पुग्छ, अखवारको सम्पर्कमा आउँछ र राँकिएर त्यसले राजनीतिको केन्द्र र प्रहरीलाई तताउँछ। सल्किएको घटनाको आगो कसरी निभ्छ ? निभ्छ वाप्रश्नको पुतपुतिएको कोइला बन्छ ?त्यसको जवाफ नाटकमै भेटिने छ।




महाभोज मूलत : उपन्यास हो। मन्नु भण्डारीले आफैंले लेखेको उपन्यासलाई नाटककोमा रुपमा पुर्नलेखन गरेकीहुन्। यसको पहिलो प्रदर्शन भारतको राष्ट्रिय नाट्य विद्यालयमा सन् १९८२ मागरिएको थियो। त्यसयताभारतमै विभिन्न समुहद्वारा यो नाटकको मञ्चन गरिसकिएको छ।

मण्डला नाटक समूहको निर्माणमा यो नाटकलाई नेपालीभाषा माउल्था गरी काठमाडौंस्थित मण्डला नाटकघरमामञ्चनगरिसकिएको छ। चर्चित रंगकर्मी अनुप बरालको निर्देशनमा मञ्चन गरिएको नाटकलाई चर्चित कविविप्लव प्रतीकले अनुवाद गरेकाहुन्। यो नाटकको उत्पादन तथा मञ्चनयसै वर्षको भदौ र असोजमा गरिएको थियो।

बिराटनगरका पुराना तथा चर्चित रंगकर्मीहरु रमेश बुढाथोकी, शेखर चापागाई लगायत २७ जना अन्यकलाकारहरुले यस नाटकमा अभिनय गरेका छन्। प्रदेश नं. १ को विभिन्न स्थानबाट काठमाडौं आएर कलाकर्म गरीरहेका अधिकांश कलाकारहरु यस नाटकमा देख्न पाइन्छन्। जसमध्ये चर्चित अभिनेता दयाहाङ राई भोजपुरबाट आएकाहुन् भने सृजना सुब्बा उर्लाबारी, मोरङ स्थायी घर भएकीकलाकार हुन्। बिराटनगर बाटै आफ्नो कलायात्रा शुरु गरेकी सुष्मा निरौला यस नाटकमा वरिष्ठ कलाकार रमेश बुढाथोकीको विपरित भूमिकामा देखिदै छिन्। नाटकका अर्का प्रमुख कलाकार र नाटकका संयोजक एवं सहायक निर्देशक सोमनाथ खनाल पनि मोरङ बेलबारीबाट आएकाहुन्।

नाटकका अन्य कलाकारहरुमा विप्लव प्रतीक, राजन खतिवडा, बुद्धि तामाङ, बिजय बराल, उमेश तामाङ, बिकाशजोशी, आर्जेश रेग्मी, चक्र विष्ट, देविनचौधरी, घनश्याम जोशी, कविराज राई, मिलनकार्की, प्रदीपकुमार चौधरी, प्रमिला खनाल, राज न्यौपाने, रन्जना ओली, रिजन परियार, सविन घलान, सागर दाहाल, सन्दीप श्रेष्ठ, सपना चौधरी लगायत छन्।


सोमनाथ खनाल
कार्यक्रम संयोजक
मण्डल थिएटर नेपाल।

# नेपाली सेनाको नक्कली परिचय पत्र सहित एक जना पक्राउ

विराटनगर। नेपाली सेनाको प्राड उसे दर्ताको नक्कली परिचयपत्र बनाई आफूलाई नेपाली सेना भनी ठगी गर्ने एक जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ४ मा रहेको एयारपोटको कम्पाउण्ड भित्र जिल्ला सुनसरी दुहबी नगरपालिका वडा नं.३ को सुभम विक्रम चन्द भन्ने व्यक्तिले म नेपाली सेनाको प्राड उ.से.हुँ भनि आफ्नो आइडेन्टी कार्ड देखाई एयरपोर्ट ल्याण्ड हुने ठाउँमा प्रवेश गर्न खोज्दा सोही ठाउँमा सुरक्षामा खटिएको प्रहरी टोलीले आईडेन्टी कार्ड माग गरी हेर्दा सक्कली आइडेन्टी कार्ड नभई नक्कली रहेको शंका लागि पक्राउ गरेका थिए।

प्रारम्भिक अनुसन्धानवाट सुभम विक्रम चन्द नेपाली सेनाको प्राड उ.से.नभई नक्कली व्यक्ति रहेको




खुल्न आएको छ।

चन्दले म नेपाली सेनाको अधिकृत हुँ भन्दै हिड्ने गरेको भन्ने कुरा खुल्न आएकाले हुँदा प्रहरी टोलीले तत्काल नियन्त्रणमा लिई जिउ शरीर खान तलासी लिदा चन्दले लगाएको पाइन्टको अगाडिपट्टीको दाहिने गोजीबाट प्राड उ.से.सुभम विक्रम चन्दको नामको परिचय पत्र नम्बर ४७१५ भएको व्यक्तिगत नम्बर ७१७९ लेखिएको आइडेन्टी कार्ड थान-१ बरामद गरी पक्राउ गरी मुलुकी अपराध संहिता २०७४ को परिच्छेद २५ को दफा २७६ र २७७ बमोजिम सरकारी छाप, कागजात दस्तखत किर्ते कसुरमा मुद्दा दर्ता भई अनुसन्धान भई रहेको छ

अनुसन्धानको क्रममा बरामद नेपाली सेनाको नक्कली प्राड उ.से. दर्जाको परिचय पत्र मैले नेपाली सेनाको पोशाक काठमाण्डौ स्थित क्याप हाउसबाट खरिद गरी बानेश्वर स्थित थापागाउँ तर्फ जानेतर्फ बाटोमा रहेको टेलर्समा सिलाउन लगाएको हुँ। टेलर्सको नाम थाहा छैन। दर्जयानि चिन्ह काठमाण्डौ स्थित क्याप हाउसबाटै खरिद गरेको हुँ, पसलेको नाम थाहा छैन्। परिचय पत्र विराटनगर स्थित ट्राफिक प्रहरी कार्यालय देखी केही पश्चिम उत्तर तर्फको प्रिन्टिङ्ग प्रेशमा बनाउन लगाएको हुँ। प्रिन्टिङ्ग प्रेशको नाम थाहा छैन्। बयान दिएको छ।

यस भन्दा अघि २०७५ मंसिर १८ गत सुभम भन्ने सुगम विक्रम चन्दले म नेपाली सेनाको प्राविधिक उप सेनानी हुँ, नेपाली सेनाको दुहवी पोष्टमा कार्यरत छु भन्दै भिआइपिहरुको आगमन समारोह स्थलमा नक्कली परिचय पत्र देखाई हिड्डुल गरिरहेको अवस्थामा फेला पारी ईलाका प्रहरी कार्यालय ईटहरीले सरकारी छाप दस्तखत किर्ते कसुरमा मुद्दा दर्ता गरी अनुसन्धान पश्चात् पेश हुँदा सम्मनित जिल्ला अदालत सुनसरीको आदेशले १ लाख ५० हजार धरौटीमा रिहा भई छुटेको थियो।

## कांग्रेसका...

नै हुन्छ। शेरबहादुर देउवा पार्टीको दोस्रो दर्जा ९क्ष्भअयलम ऋबिकक० का लायक नेता मात्र हुन। देउवा सधै गिरिजाप्रसादको नक्कल गरिरहे, तर देश, काल र परिस्थिति बुझ्न सकेन्। गिरिजा प्रसाद कोइराला २०५१ मा मध्यावधि निर्वाचन घोषण गराएर निर्वाचन सम्पन्न पनि गरे। तर देउवा २०५८ सालमा मध्यवाधि घोषणा गरेर उल्लु सावित भए। कारण देशको परिस्थित २०५१ को जस्तो २०५८ मा थिएन। माओवादी जनयुद्ध उत्कर्षमा थियो। भरखरै दरबार हत्याकाण्ड भएको थियो। त्यसको विचार नगरिकनै देउवा मध्यावधि निर्वाचन घोषणा गरेका थिए। प्रदीप गिरि देउवा खेमाकै आमसभालाई संवोधन गर्दै देउवाप्रति पनि व्यग्य प्रहार गर्थे। देउवा सरकारले तपाईलाई केही दिइको छैन भने कि मत दिने देउवालाई भनेर भन्नुहुन्थेया। जनकपुरकै आमसभामा खुमबहादुर खडका र विजय कुमार गच्छदार देउवा खेमाको आमसभामा पुगे र देउवालाई समर्थन जनाउदा गिरिले खडका र गच्छदारलाई गिरिजाप्रसादको हनुमान र अंगदको संज्ञा दिनुभएको थियो। जुन कुरा अधिवेशनभरि चर्चामा रह्यो।

नेपाली काँग्रेस प्रजातान्त्रिक पार्टी भए पनि उनमा आन्तरिक प्रजातन्त्रको सधै अभाव रह्यो। आन्तरिकरूपमा प्रजातान्त्रिक अभ्यास नगरेर काँग्रेस दुनियाँलाई प्रजातन्त्रको शिक्षा दिइरहयो। प्रदीप गिरि जस्ता नेताहरूले पार्टीको आन्तरिक प्रजातान्त्रिक अभ्यासमा नै जोड दिइरहे। जसका कारण उहाँ पटक पटक अन्तरघातका शिकार हुनपुगे। काँग्रेसले कहिल्यै पनि आन्तरिक शुद्धीकरण अभियान चलाएन, सता र भता पाएर केही नेता कार्यकर्ताहरूले पार्टीलाई हुनसम्म बदनाम गराए। तर उनीहरू सधै गिरिजा लवि र देउवा लवीका नाममा बाँचिरहे जसको उदाहरणको रूपमा खुमबहादुर खडका, गोविन्दराज जोशी र चिरंजीवी वाग्लेलाई लिन सकिन्छ। खडका, जोशी र वाग्लेलाई सर्वोच्च अदालतले भ्रष्टाचारी प्रमाणित गरेर जेलको सजाय पनि कटाए। तर उनीहरूलाई नेपाली काँग्रेस पार्टीको साधारण सदस्यताबाट खारेज गरिएनन्। जसका कारण पार्टी भष्टाचारीहरूको पार्टीमा परिणत भइदिदा पनि काँग्रेस नेतृत्वको कानमा बतास पुगेन। पार्टीमा आन्तरिक प्रजातान्त्रिक अभ्यास र प्रजातन्त्रको सुदृढीकरणमा प्रदीप गिरि एक्लो वृहस्पति भए। उनलाई साथ दिनेहरू पनि सिद्धान्तको मामिलामा कमजोर सावित भए। एकमात्र प्रदीप गिरि नेपाली काँग्रेस भित्र र बाहिर सिद्धान्तनिष्ठ नेताको रूपमा आफना परिचय बनाएर राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उदयमान नेताको रूपमा रहेका छन्। देश र जनता उहाँमाथि ठुलो भरोसा लिएर बसेका छन्। जो सार्थक होस् भन्ने कामना गर्दछु। (मधेश दर्पण फिचर सेवा)।

## स्वास्थ्य

### चीनमा फैलिएको रहस्यमय भाईरस के हो ? नेपाल कति जोखिममा

चीनका विभिन्न सहरमा अहिले कोरोनाको नयाँ रहस्यमय भाइरसको संक्रमण फैलिएको छ। चीनको वुहान, बेइजिङ र सेन्जेन शहरमा यो नयाँ रहस्मय भइरस पाइएको छ। यो भाइरसबाट चीनमा २ सयको हाराहारीमा संक्रमित फेला परेका छन्।


अहिलेसम्म यो भाइरस श्वासप्रश्वासको मध्यमबाट सरेका कारणबाट धेरै जनाको मृत्यु पनि भइसकेको जनाइएको छ।

ब्रिटेनका एक विशेषज्ञका अनुसार चीनले बताएको भन्दा धेरै नै व्यक्ति उक्त भाइरसबाट संक्रमित भएका छन्।

विश्व स्वास्थ्य संगठनका अनुसार यसको प्रकोप पनि बढिरहेकाले यसबारेमा विभिन्न जाँचहरू भइरहेका छन्।

यो नयाँ कोरोना भाइरस डिसेम्बर महिनामा पत्ता लागेको थियो।

कस्तो छ यो भाइरस ?



कोरोना भाइरसबाट संक्रमित बिरामीबाट लिइएको नमुना प्रयोगशालामा परीक्षण पनि गरिसकिएको छ। उक्त परीक्षणपछि मात्रै विश्व स्वास्थ्य संगठनले चीनलाई उक्त भाइरस कोरोना भाइरस भएको बताएको थियो।

कोरोना भाइरसका धेरै प्रकारहरू हुन्छन्। तीमध्ये केवल ६ भाइरसलाई मात्र संक्रमण फैलाउन सक्ने भाइरस भनी बताइएको छ।

नयाँ भाइरसको जेनेटिक कोडको विश्लेषणबाट मानिसमा 'सार्स'को तुलनामा कोरोना भाइरसको संक्रमण छिटो फैलन्छ।

सार्स नामक कोरोना भाइरसलाई अरुभन्दा खतरनाक भाइरस भनी मनिन्छ। सन् २००२ मा चीनमा सार्सका कारणबाट ८ हजार ९८ मानिसहरू संक्रमित भएका थिए।

अहिले देखिएको भाइरसमा के नयाँ छ ?

चीनस्थित वुहान शहरका अधिकारीहरूका अनुसार गत साता १ सय ३६ मानिसहरूमाथि गरिएको प्रशिक्षणमा केही नयाँ लक्षण देखा परेका छन्।

यसले कस्तो असर पार्न सक्छ ?

यसको संक्रमण हुनुभन्दा पहिले रुघाखोकी लाग्ने समस्या हुन्छ। उच्च ज्वरो आउने, टाउको दुख्ने, श्वासप्रश्वासमा गाह्रो हुने समस्याहरू देखापर्न थाल्छन्। यसको असर गम्भीर भएमा संक्रमित व्यक्तिको ज्यानै समेत जाने जोखिम पनि बढेर जाने सम्भावना हुन्छ।

यूनिभर्सिटी अफ एडिनबर्गका प्रोफेसर मार्क बुलहाउस भन्छन, 'हामीले यस्तो नयाँ किसिमको कोरोना भाइरस देख्नासाथ यसको असरको बारेमा जान्न धेरै प्रयास गर्यौं। यो अरु चिसोमा देखापर्ने जस्तो रोग होइन। त्यो नै चिन्तको विषय हो।'

कहाँबाट आयो कोरोना भाइरस ?

अहिले देखिएको कोरोना भाइरस एकदमै नयाँ किसिमको भाइरस हो।

यो भाइरस एक जीवबाट सजिलैसँग अर्कोमा सर्न सक्ने किसिमको हुन्छ। यो संक्रमण फैलिसक्दा पनि यसको बारेमा प्राय:लाई थाहा हुँदैन।

नोटिङ्गम यूनिभर्सिटीका एक भइरोलोजिस्ट प्रोफेसर जोनाथन बल भन्छन 'यो एकदमै नयाँ किसिमको भाइरस भएकाले यो भाइरस पशुबाट मानिसमा सरेको अनुमान गर्न सकिन्छ।'

नेपाल कति जोखिममा ?

चीनमा फैलिरहेको कोरोना भाइरसको संक्रमण नेपालमा पनि सर्न सक्ने विश्लेषण गरिएको छ। पछिल्लो समय चीनमा मात्र नभएर जापान र थाइल्याण्डमा पनि यसको संक्रमण देखिन थालेको पाइएको छ। थाइल्याण्डमा २ जना र जापानमा १ जना उक्त भाइरसबाट संक्रमित भइसकेकाले नेपालमा पनि यो भाइरस विभिन्न माध्यमबाट आउन सक्ने आशङ्का गरिएको छ। चीनबाट नेपाल आउने पर्यटकहरुको संख्या हरेक वर्ष बढ्दो क्रममा रहेको तथ्यांकले देखाउँछ।

सन् २०१८ मा नेपाल भित्रिने पर्यटकको संख्या हेर्दा चीन दोस्रो ठूलो देश भएको देखिन्छ। यस मानेमा पनि नेपाल यो भाइरसको उच्च जोखिममा देखिन्छ। यस्ता भाइरस नेपालमा भित्रन सक्ने सम्भावनालाई मध्यनजर गर्दै नेपाल भ्रमण वर्ष २०२० को सन्दर्भ पारेर हाल त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलमा रहेको हेल्थ डेस्कलाई अझ विस्तार, चुस्त र प्रविधियुक्त बनाउन आवश्यक देखिन्छ। स्वास्थ खबरवाट

**मोटर साईकल चलाउँदा हेलमेट अनिवार्य रुपमा प्रयोग गरौं।**

**ट्राफिक कार्यालय मोरंग**